**आकाशवाणी समाचार- नेपाली**
**मितिः २७ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**<u>प्रमुख समाचार</u>**

१. राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि हिमाचल प्रदेशको पाँच दिने भ्रमणमा जानु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि सिक्किमको दुई दिने भ्रमणमा जानु हुनेछ।

३. पश्चिम बंगालमा दोस्रो तथा अन्तिम चरणको विधानसभा चुनावको लागि चुनाव प्रचार आज साँझ समाप्त हुनेछ। सबै प्रमुख राजनीतिक दलका नेताहरूले र्‍यालीहरू आयोजना गरिरहेका छन्।

४. वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज नयाँ दिल्लीमा भारत र न्यूजील्याण्डले स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गर्ने बताउनु भएको छ।

५. आईपीएल क्रिकेटमा कोलकाता नाइट राइडर्सले लखनऊमा सुपर ओभरमा लखनऊ सुपर जायन्ट्सलाई अनि गुजरात टाइटन्सले चेन्नई सुपर किंग्सलाई आठ विकेटले पराजित गर्‍यो।

**<u>राष्ट्रपतिको हिमाचल प्रदेश भ्रमण</u>**

राष्ट्रपति द्रौपदी मुर्मु आजदेखि हिमाचल प्रदेशको पाँच दिने भ्रमणमा जानु हुनेछ। भोलि श्रीमती मुर्मु हिमाचल प्रदेशका राज्यपालले शिमलाको लोक भवनमा आयोजना गर्ने भोजमा सहभागी हुनु हुनेछ। बुधबार राष्ट्रपति मुर्मुले अटल सुरुङको भ्रमण गर्नु हुनेछ। बिहीबार, उहाँ पालमपुरमा चौधरी सर्वन कुमार हिमाचल प्रदेश कृषि विश्वविद्यालयको दीक्षान्त समारोहमा पनि सहभागी हुनु हुनेछ। आगामी १ मईको दिन उहाँको भ्रमणको अन्तिम दिन राष्ट्रपतिले शिमलामा रहेको सेना प्रशिक्षण कमाण्डको पनि भ्रमण गर्नु हुनेछ।

**<u>प्रधानमन्त्रीको सिक्किम भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदी आजदेखि सिक्किमको दुई दिने भ्रमणमा जानु हुनेछ। आज उहाँले सिक्किममा बिरलू द्वारदेखि एमजी मार्गसम्मको रोड शोमा भाग लिनुहुनेछ। भोलि श्री मोदी सिक्किम राज्य स्थापनाको ५० वर्ष पूरा भएको उपलक्ष्यमा आयोजना गरिएको पाल्जोर स्टेडियममा हुने समापन समारोहमा सहभागी हुनुहुनेछ। यस कार्यक्रमको क्रममा उहाँले राज्यमा ४ हजार करोड रुपियाँभन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन, सुरुवात र शिलान्यास गर्नुहुनेछ। यी विकास परियोजनाहरू पूर्वाधार, कनेक्टिभिटी, स्वास्थ्य सेवा, शिक्षा, विद्युत, शहरी विकास, वातावरण, पर्यटन र कृषि लगायत विभिन्न क्षेत्रहरूमा फैलिएका छन्।
सिक्किम सरकारले "**एकता के एक हजार कदम**" शीर्षकको भव्य सांस्कृतिक कार्यक्रम प्रस्तुत गर्नेछ, जसमा लगभग १५ सय कलाकारहरूको सहभागिता हुनेछ। श्री मोदीले पाल्जोर स्टेडियममा सभालाई पनि सम्बोधन गर्नुहुनेछ। प्रधानमन्त्रीको यो भ्रमण सिक्किम राज्यको स्वर्ण जयन्तीको अवसरमा एक महत्वपूर्ण उपलब्धि हो र यसले सिक्किमको द्रुत र दिगो विकासप्रति मोदी सरकारको अटल प्रतिबद्धतालाई जोड दिन्छ।

**<u>डोभाल - युएई राष्ट्रपति भेट</u>**

राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभालले हिजो संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति मोहम्मद बिन जायद अल नाह्यानसँग भेटनु भएको छ। सामाजिक सञ्जाल पोस्टमा युएईस्थित भारतीय दूतावासले दुईजनाबीचको छलफल उनीहरूको व्यापक रणनीतिक साझेदारीलाई अझ सुदृढ पार्ने उपायहरू, क्षेत्रीय अवस्था र पारस्परिक हितका अन्य मुद्दाहरूमा केन्द्रित रहेको बताएको छ। दूतावासले उल्लेख गरेको छ, अरब देशको आफ्नो आधिकारिक भ्रमणको क्रममा श्री डोभालले प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट युएई नेतालाई शुभकामना व्यक्त गर्नु भएको थियो।

यस महिनाको सुरुमा श्री डोभालले साउदी अरेबियाका वरिष्ठ नेताहरूसँग भेटनु भएको थियो र द्विपक्षीय सम्बन्ध क्षेत्रीय अवस्था र पारस्परिक हितका अन्य क्षेत्रहरूको बारेमा छलफल गर्नु भएको थियो।

**पश्चिम बंगाल – चुनाव प्रचार**

पश्चिम बंगालमा दोस्रो तथा अन्तिम चरणको विधानसभा चुनावको लागि चुनाव प्रचार आज साँझ समाप्त हुनेछ। दोस्रो चरणको लागि मतदान २९ अप्रेलमा १४२ विधानसभा निर्वाचन क्षेत्रमा हुनेछ। यी निर्वाचन क्षेत्रहरूमा उत्तर कोलकाता, दक्षिण कोलकाता, हावडा, नादिया, उत्तर २४ परगना, दक्षिण २४ परगना, हुगली र पूर्वी वर्धमानसहित आठ निर्वाचन जिल्लाहरू पर्दछन्। गत २३ अप्रेलमा पहिलो चरणको मतदानमा ९३.१९ प्रतिशतको रेकर्ड मतदान भएको थियो। सबै प्रमुख राजनीतिक दलका नेताहरूले र्‍यालीहरू आयोजना गरिरहेका छन्। वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज जगतदलको जिलेपी मठमा एक सार्वजनिक सभालाई सम्बोधन गर्नुहुनेछ। केन्द्रीय गृहमन्त्री अमित शाहले दुई रोड शो सञ्चालन गर्नु हुनेछ पहिलो बेहला पुलिस थानाबाट म्यान्टनसम्म जानेछ, जबकि दोस्रो हुगलीको चन्दननगर बागबजारमा हुनेछ। तृणमूल कांग्रेसकी नेत्री तथा मुख्यमन्त्री ममता ब्यानर्जीले आज जादवपुरको सुकान्त सेतुबाट सुरु हुने सार्वजनिक मार्चमा भाग लिनेछिन्, जादवपुर र टोलीगञ्ज निर्वाचन क्षेत्रका पार्टीका उम्मेदवारहरूको समर्थनमा र्‍याली गर्नु हुनेछ। उहाँले आफ्नै निर्वाचन क्षेत्र भवानीपुरमा सार्वजनिक सभा गर्नु हुनेछ। तृणमूल कांग्रेसका अखिल भारतीय महासचिव अभिषेक ब्यानर्जीले पार्टीका उम्मेदवारहरूलाई समर्थन गर्न रानाघाट, हुगली, आरामबाग र महेशतलामा प्रचार गर्नु हुनेछ।केरला, आसाम, पश्चिम बंगाल, तमिलनाडु र पुडुचेरीमा मतगणना ४ मईमा हुनेछ।

**पश्चिम बंगाल विधानसभा चुनाव – तयारी**

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो चरणलाई ध्यानमा राख्दै निर्वाचन आयोगले कडा सुरक्षा व्यवस्था गरेको घोषणा गरेको छ। आयोगले मतदान प्रक्रियामा बाधा पुर्‍याउने वा मतदाताहरूलाई धम्क्याउने कुनै पनि प्रयासलाई कडाइका साथ व्यवहार गरिने बताएको छ। आयोगले सुरक्षा बलहरूलाई निर्वाचन क्षेत्रगत तैनाथी सुनिश्चित गर्न र आन्तरिक लेन र संवेदनशील क्षेत्रहरूमा क्षेत्र प्रभुत्व बढाउन निर्देशन दिएको छ, जसले गर्दा मतदाताहरूले निर्भयतापूर्वक आफ्नो मताधिकार प्रयोग गर्न सकून्। कोलकाता अन्तर्गत पर्ने तीन निर्वाचन जिल्लाका अधिकारीहरू, वरिष्ठ पुलिस अधिकारीहरू र केन्द्रीय बलका कमाण्डरहरूसँग आयोजित उच्चस्तरीय समन्वय बैठकमा २९ अप्रेलमा मतदान हुने तय भएका १४२ निर्वाचन क्षेत्रहरूको तयारीको समीक्षा गरिएको थियो।

राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले दक्षिण २४ परगना जिल्लाको काकद्वीपको भ्रमण गर्नुभयो र विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग बैठक गर्नुभयो। उहाँले प्रत्येक मतदान केन्द्रमा सीसीटीभी क्यामेरा जडान गरिने बुथहरूमा केन्द्रीय बल तैनाथ गरिने र मतदान केन्द्रहरूको १०० मिटरको दायराभित्र अनाधिकृत व्यक्तिहरूको प्रवेश निषेध गरिने जानकारी दिनुभयो।

**एनआईए – पश्चिम बंगाल**

पश्चिम बंगालमा ७९ वटा देसी बम जफ्त भएको घटनाको अनुसन्धान गर्न **राष्ट्रीय अन्वेषण अभिकरण-एनआईए**ले मुद्दा दर्ता गरेको छ। एनआईएका प्रवक्ताले भने, आतंकवाद विरोधी एजेन्सीले गृह मन्त्रालयको आदेशको पालना गर्दै मुद्दा दर्ता गरेको छ। यसअघि निर्वाचन आयोगले पश्चिम बंगाल पुलिसलाई चुनाव प्रभावित राज्यभित्र देसी बमको अवैध निर्माणमा संलग्न व्यक्तिहरूलाई पक्राउ गर्न विशेष अभियान सञ्चालन गर्न निर्देशन दिएको थियो। पुलिसले दक्षिण २४ परगना जिल्लाको भांगरमा रहेको एक व्यक्तिको घरबाट ठूलो संख्यामा देसी बम जफ्त गरेपछि यो निर्देशन जारी गरिएको हो।

**निर्वाचन क्षेत्र प्रोफाइल**

निर्वाचन क्षेत्र प्रोफाइलको श्रृंखलामा आज हामी पश्चिम बंगालको हरिपाल विधानसभा निर्वाचन क्षेत्रको बारेमा जानकारी प्रस्तुत गर्दछौं।

**बाइट**

**भारत-न्यूजील्याण्ड स्वतन्त्र व्यापार सम्झौता**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज नयाँ दिल्लीमा भारत र न्यूजील्याण्डले स्वतन्त्र व्यापार सम्झौतामा हस्ताक्षर गर्ने बताउनु भएको छ। यो सम्झौता दुई देशहरूबीचको आर्थिक सम्बन्धलाई सुदृढ पार्ने दिशामा एक महत्वपूर्ण कदम हो। आगराको ताजमहलमा न्यूजील्याण्डका व्यापार तथा लगानी मन्त्री टोड म्याक्लेसँगै बोल्नु हुँदै श्री गोयलले वर्षौंको उच्चस्तरीय छलफलपछि सम्झौतालाई अन्तिम रूप दिइएको उल्लेख गर्नु भयो। दुवै देशका नेताहरूको उपस्थितिमा यसमा हस्ताक्षर गरिनेछ। यस सम्झौताको उद्देश्य आगामी पाँच वर्षमा द्विपक्षीय व्यापारलाई ५ अरब डलर पुऱ्याउनु हो।

श्री गोयलले थप्नु भयो, यो सम्झौताले व्यापारका अवसरहरूलाई बढावा दिनेछ। उहाँले आगराका स्थानीय व्यापारीहरूसँग छाला, वस्त्र, ह्यान्डलूम, हस्तकला, कार्पेट र मसला जस्ता क्षेत्रका व्यापारीहरूसँग पनि भेट गर्नु भयो।

## आईपीएल क्रिकेट

आईपीएल क्रिकेटमा कोलकाता नाइट राइडर्सले लखनऊमा सुपर ओभरमा लखनऊ सुपर जायन्ट्सलाई पराजित गऱ्यो। पहिले ब्याटिङ गर्दै कोलकाता नाइट राइडर्सले सात विकेट गुमाएर १५५ रन बनाएको थियो। जवाफमा लखनऊ सुपर जायन्ट्सले पनि निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १५५ रन नै बनाएको थियो। त्यसपछिको सुपर ओभरमा लखनऊ सुपर जायन्ट्सले २ विकेट गुमाएर केवल १ रन बनाउन सफल भयो। कोलकाता नाइट राइडर्सका रिंकु सिंहले सुपर ओभरको पहिलो बलमा चौका लगाएर जित सुनिश्चित गरे। रिंकु सिंहलाई प्लेयर अफ द म्याच घोषित गरियो।आज दिल्ली क्यापिटल्सले दिल्लीको अरुण जेटली स्टेडियममा रोयल च्यालेन्जर्स बैंगलोरको सामना गर्नेछ। यो म्याच साँझ ७:३० बजे सुरु हुनेछ।

***************